# डेडिकेटेड र ट्रंक लाइन महशुल सम्बन्धमा सार्वजनिक लेखा समितिले अध्ययन गरि निष्कर्ष निकाल्नु पर्ने विषयहरु

## प्राधिकरणले प्रचलित कानुन अनुशार निर्वाह गर्नुपर्ने दायित्वको सम्बन्धमा

- महशुल निर्धारण आयोगले डेडिकेटेड लाइनबाट विद्युत आपुर्ति लिने ग्राहकहरुको हकमा मिति २०७२।०९।२३ को १०३ औं र २०७२।१०।१० को १०४ औं बैठकबाट र ट्रंक लाइनबाट आपुर्ति लिने ग्राहकहरुको हकमा डेडिकेटेड सरहकै महशुल लाग्ने भनि २०७३।०३।१६ मा महशुल निर्धारण गरि सकेको अवस्थामा नियमित मासिक रुपमा डेडिकेटेडको हकमा २०७२ माघ देखि तथा ट्रंकको हकमा २०७३ श्रावण देखि नै विलिङ्ग नगरि नियमित मात्र विलिङ्ग गरि लापरवाही गरेका देखिन्छ ।

- लोडसेडिङ्गको चरम अवस्थामा उद्योगिले पाएको अतिरिक्त सुविधा वापतको रकम सोही अवधिमा संकलन गर्ने कार्यमा प्राधिकरण २०७२ माघ देखि २०७५ बैशाख सम्म नै चुक्दै आएको देखिन्छ । आद्योगिक ग्राहकहरु समेतको लोडसेडिङ्ग अन्त्य भएको सार्वजनिक सुचना २०७५।०१।३१ जारी भएकै दिन संचालक भक्त बा. पुनको समजकत्वमा महशुल संकलनको अवस्था अध्ययन गर्न कमिटी गठन गरेको । छुट विल जारि गरि नियमानुशार महशुल संकलन गर्ने अधिकार कार्यकारि नेतृत्वलाई हुदा हुदै यस सम्बन्धमा कमिटी बनाइ अध्ययन गर्ने विषय संचालक समितिमा प्रवेश गराइ राजस्व संकलनको विषयलाई विषययान्तर गर्न खोजेको देखिन्छ ।

- ठुला ग्राहकहरुको मिटरमा हुन सक्ने समान्य त्रुतिले पनि राजस्वमा असर पर्ने तथा ठुला ग्राहकहरुहरुको महशुलमा भविष्यमा समेत विवाद देखिने अवस्था आउन सक्ने वा उद्योगमा खपत भएको उर्जाको मापन सहि तरिकाले भए नभएको यकिन गर्न विनियममा नै TOD Meter को डाटा डाउनलोड र त्यसको रेकर्ड वितरण केन्द्र, तत्कालिन क्षेत्रिय कार्यालय हालको प्रादेशिक कार्यालयहरु र वितरण तथा ग्राहक सेवा निर्देशनालायमा राख्ने ब्यवस्था गरिएको भएता पनि विनियमा कार्यान्वयन गरि यो अनुरुपको कार्य सम्पादन गरेको देखिएन ।

- प्राधिकरणले दावि गर्दै आएको विल रकमको अवधि २०७२ श्रावण देखि २०७७ श्रावण सम्ममा विनियम अनुशार २०७३ चैत्र, २०७४ चैत्र,२०७५ चैत्र,२०७६ चैत्र गरि न्युनतमा ४ पटक TOD Meter को डाटा डाउन लोड गर्नृपर्नेमा सो गरेको देखिएन ।

- सम्बन्धित वितरण केन्द्रले कुनै ग्राहकलाई छुट विलको लागि पत्रचार गर्नु भन्दा पहिला तह गत अधिकारबाट सोको स्विकृति लिनुपर्ने व्यवस्था रहेता पनि सो प्रक्रिया पुराइ छुट विल स्विकृत भएको देखिदैन । राजस्व संग सम्बन्धित यति ठुलो रकम उठाउने विषयमा विनियमका व्यवस्था कार्यान्वयन गरेका देखिदैन ।

**ब्यवसायी र प्राधिकरण विचको विवादका कारणहरु**

प्राधिकरणले २०७५।१२।२९ को संचालन समितिको निर्णय भनि छुट विल भुक्तानीको लागि प्रथम पटक र अन्य समयमा गरि ६१ विभिन्न उद्योगहरुलाई पत्राचार गरेको त्यसरी पत्राचार गर्दाको अवस्थामा छुट विल जारि गर्नुपर्ने तथ्य र प्रमाण प्राधिकरले उपलब्ध नगराएको । विगतमा डेडिकेटेड र ट्रंकलाईनको सेवा उपयोग गरे बापतको विलिङ्ग हुनुपर्नेमा सो नभइ नियमित विलिङ्ग भएको हुदा थप विलिङ्ग गरिएको भन्ने प्राधिकरणको भनाइ रहेको ।

प्राधिकरणले तत्कालिन समयमा उपलब्ध गराए अनुशारको विल उद्योगहरुले नियमित रुपमा भुक्तानी गरेको । डेडिकेटेड र ट्रंक लाइनको सुविधामा ब्याख्या भए अनुशारको विद्युत आपुर्ति (डेडिकेटेडको हकमा निर्वाध २४ घण्टा आपुति र ट्रंक लाइनको हकमा ६ घण्टा लोडसेडिङ हुदा २० घण्टा आपुति) व्यवस्था ने.वि.प्राले लोडसेडिङको समय अवधिमा नमिलाएको हुदा त्यसरी जारी गरिएको थप विल भुक्तानी गर्न नसकिने । तर लोडसेडिङ हुदाको समय अवधिमा दैनिक रुपमा उद्योगले खपत गरेको विद्युतको डाटा ( TOD Meter को डाटा ) प्राधिकरणले उपलब्ध गराएमा र सुविधामा ब्याख्या भए अनुशार खपत गरेको देखिएमा विल भुक्तानी गर्न तयार रहेको जकिर पेश हुदै आएको छ ।

पछिल्लो समय प्राधिकणले उपलब्ध गराएको विलले उद्योगमा प्रत्येक दिन खपत भएको विद्युतको डाटा नदेखाउने हुदै सो विललाई नै आधार प्रमाण मान्न नसकिने जिकिर समेत उद्योगिको छ । साथै पछिल्लो समय गठन भएको लाल आयोगको प्रतिवेदनले डेडिकेटेड (निर्वाध २४ घण्टा आपुर्ति) र ट्रंक लाइन(६ घण्टा लोडसेडिङ हुदा २० घण्टा आपुति) सम्बन्धि मापदण्ड पुगे नपुगेको यकिन नगरि थप महशुल लिन नसकिने तसर्थ एकमुष्ठ रुपमा विल जारी गर्ने नभई **दिन र अवधि एकिन** गरि पुन हिसाव गरि छुट महशुल लिनुपर्दछ भनेकोमा सो नगरि मासिक विलमा थप रकमको हिसाव गरि छुट रकम भुक्तानीको लागि पत्राचार गरेको जुन आयोगको प्रतिवेदनको निष्कर्ष अनुशार छैन ।

## विभिन्न अध्ययन कमिटिले पेश गरेको प्रतिवेदबाट निश्कने निष्कर्षहरु

संचालक भक्त बा. पुनको कमिटीले पेश गरेको प्रतिवेदनमा प्राधिकरणको डेडिकेटेड ट्रंक लाइनबाट विद्युत सेवा लिने औद्योगिक, ब्यापारिक तथा गैह्र ब्यापारिक वर्गका सवै ग्राहकहरुले **विद्युत शक्ति खपत गरे वापत** संचालक समितिको २०७२।०३।१२ को निर्णयमा विद्युत महशुल निर्धारण आयोगबाट अनुमोदन भै लागु भएको तथा विद्युत महशुल संकलन विनियमावली २०७३ अनुसुची १ क मा उल्लेख भए बमोजिम सम्पुर्ण महशुल रकम असुल उपर गर्न उपयुक्त हुने भन्ने राय पेश भएको । उक्त रायको आसय भनेको नै डेडिकेटेड ट्रंक लाइनबाट विद्युत सेवा लिएको आधारमा नभइ **विद्युत शक्ति खपत गरे बापत** भुक्तानी लिने भन्ने हो ।

ट्रंकलाईनबाट विद्युत आपुर्ति लिएका ग्राहकहरुको हकमा थप अध्ययन गर्न आवश्य देखि पुन फेरि संचालक भक्त बा. पुनको संयोजकत्वमा पहिलाकै समितिलाई निम्न विषयमा थप अध्ययन गर्न दिइएको थियो ।

ट्रंक लाइनबाट विद्युत आपुर्ति लिएका ग्राहकहरुले सम्बत २०७२ श्रावण देखि २०७३ असाढ सम्म र तत्पश्चात **प्रतिदिन उद्योग संचलन गरेको अवधिको खपत विवरण** , त्यस्ता ग्राहकहरुबाट नियमानुशार लिनुपर्ने महशुल हाल लिएको महशुल तथा यस्त ग्राहकहरुको निवेदन दावि ।

प्राधिकरणको संचालक समितिको मिति २०७५।१२।२९ को बैठकले तोकेको अध्ययनको विषयमा नै **प्रतिदिन उद्योग संचलन गरेको अवधिको खपत विवरणको समेत अध्ययन गर्ने** भन्ने उल्लेख गरिएकोले प्रतिदिन खपतको विवरण यो विवाद निवारण लाई अति आवश्यक देखिन्छ ।

त्यस्तै

**नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७६।०९।२१ को निर्णय अनुशार उर्जा सचिवको संयोजकत्वमा गठन भएको समितिले पेश गरेको प्रतिवेदनमा उल्लेखि सिफारिसमा महशुल निर्धारण हुनु भन्दा पहिलाको र** ने.वि.प्राले २०७५।०१।३१ मा सुचना प्रकाशित गरि औद्योगिक ग्राहकहरुमा समेत लोडसेडिङ हटेको

घोषणा गरे पश्चातको उपभोक्ता तथा प्राधिकरणवीच भएका महशुल सम्बन्धी विवाद समाधान गर्ने विषय विद्युत नियमन आयोग ऐन २०७४ को दफा १८ बमोजिम विद्युत नियमन आयोगको क्षेत्राधिकारमा रहेको हुदा विद्युत नियमन आयोगबाटै आवश्यक सहजीकरण सहित विवाद निरुपण हुनुपर्ने भन्ने उल्लेख छ ।

२०७२ साल माघ देखि २०७५ बैशाख मसान्त सम्मको अवधिको हकमा ने.वि.प्रा संचालक समिति सदस्य भक्त बा. पुनको संयोजकत्वमा मिति २०७५।०१।३१ मा गठन भइ मिति २०७५।१२।२९ मा पुनर्गठित उपसमितिले ट्रंक लाइनबाट विद्युत आपुर्ति लिएका उद्योगिहरुको टि.ओ.डि मिटरको डाटा डाउनलोड रिपोर्ट लगायत सम्पुर्ण विवरण संकलन गरि विज्ञहरुको राय समेतको आधारमा तयार गरि मिति २०७६।०६।१३ मा पेश गरेको प्राविधिक प्रतिवेदका आधारमा नेपाल विद्युत प्राधिकरण महशुल संकलन विनियमावली २०७३ बमोजिम सम्पुर्ण महशुल निजहरुबाट अशुल उपर गर्नुपर्ने ।

त्यस्तै

**संसदको सार्वजनिक लेखा समितिको मिति २०७६ साउन ५ को निर्णय अनुशार माननीय मिनेन्द्र रिजालको संयोजकत्वमा गठन भएको उपसमितिको निष्कर्ष**

- नियमित विलिंग हुनुपर्नेमा लामो समय सम्म विलिंग नभएको,नियमित डाटा डाउनलोड नगरिएको ,जसको कारण विद्युत उपयोग गरेको समय अवधिलाई बैज्ञानिक पुष्टि गर्न प्राधिकरणलाई निर्देशन दिनुपर्ने
- समय अवधिको विश्लेषण नगरि छुट विलको रकम तिर्न ग्राहकहरुलाई पत्र प्रषित गरेको, प्रषित पत्रहरुमा समेत एकरुपमा नरहेको र छुट विलको ब्याख्या र प्रक्रिया समेत विनियमावली अनुशार नभएको ।
- नियमित रुपमा हुनुपर्ने विलिंग नभएको महशुल संकलन विनियमावली २०७३ मा भएको ब्यवस्था बमोजिम डाटा डाउनलोड गरी सुरक्षित नराखेको छुट विल जारी गर्दा प्रक्रिया नपुर्याएको डाउनलोड गरी हाडकपी सुरक्षित नराखेको र ग्राहकको परिसरमा जडान गरिएको टि ओ.डी मिटरको डाटा लामो समय सुरक्षित राख्न नसकिने अवस्थामा हाल डाउनलोड गर्ने अवस्था ब्यवस्थित नरहेको बक्यौता उठाउन विनियमावली बमोजिमका प्रावधान अवलम्बन नगरिएको र कार्यकारी नेतृत्व एवं पदाधिकारीहरुले जिम्मेवारी पुर्वक कर्तब्य निर्वाह नगरी राज्य कोषमा जम्मा हुनुपर्ने अर्वौ रकम हालसम्म पनि प्राप्त नभएको र जोखिममा पारिएको देखिन्छ ।

त्यस्तै

**नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८०।०९।२४ को निर्णय अनुशार पुर्व न्यायाधीश गिरिश चन्द्र लालको अध्यक्षतामा जाचबुझ आयोगमा उल्लेखित राय सुझावहरु**

ने.वि.प्राले २०७२ श्रावण देखि २०७७ अषाढ सम्मको एकमुष्ठ विल बनाइ बाकी बक्यौता असुल उपरको लागि विगतमा पत्राचार गरेको भएता पनि आयोगको अध्ययन प्रतिवेदनले २०७२ श्रावण देखि २०७७ अषाढ सम्मको समयावधिलाई  तिन विभिन्न कालखण्ड निर्धारण गरि छुट्टा छुट्टै राय पेश गरिएको ।

**पहिलो समय अवधि २०७२ श्रावण देखि २०७२ पौष सम्म**

महशुल निर्धारण आयोगले डेडिकेटेड लाइनबाट विद्युत आपुर्ति लिने ग्राहकहरुको हकमा मिति २०७२।०९।२३ को १०३ औ र २०७२।१०।१० को १०४ औ बैठकबाट  र ट्रंक लाइनबाट आपुर्ति लिने ग्राहकहरुको हकमा डेडिकेटेड सरहकै महशुल लाग्ने भनि २०७३।०३।१६ मा महशुल निर्धारण गरेको हुदा उक्त अवधि भन्दा अगावै थप महशुल लिन नमिल्ने ।

**तेस्रो समय अवधि २०७५जेष्ठ देखि २०७७ अषाढ सम्म**

ने.वि.प्राले २०७५।०१।३१ मा सुचना प्रकाशित गरि औद्योगिक ग्राहकहरुमा समेत लोडसेडिङ हटेको घोषणा गरेकोले लोडसेडिङ अवधिमा निरन्तर विद्युत आपुर्तिको सौदान्तिक जगमा शुरु भएको डेडिकेटेड र ट्रंक लाईनबाट विद्युत आपर्ति गर्ने ब्यवस्थाको औचित्य अन्त्य भएकोले २०७५ जेष्ठ पश्चात थप महशुल लिन नमिल्ने ।

**दोस्रो समय अवधि २०७२ माघ देखि २०७५ जेष्ठ सम्म**

डेडिकेटेड (निर्वाध २४ घण्टा आपुर्ति) र ट्रंक लाइन(६ घण्टा लोडसेडिङ हुदा २० घण्टा आपुति) भएको अवस्था छ भने छुट महशुल लिनु पर्दछ  ।

त्यसरी छुट महशुल लिदा प्राधिकरण आफैले उक्त अवधीमा जारि गरेको लोडसेडिङ सम्बन्धि सुचनालाई समेत आधार मानि लोडसेडिङ भए नभएको तथा डेडिकेटेड र ट्रंक सम्बन्धि मापदण्ड पुरा भए नभएको यकिन गरि प्राधिकरणबाट उद्योगमा आपुर्ति हुने विद्युतको समयावधि सम्बन्धि विभिन्न सार्वजनिक सुचना जारि भएकोले डेडिकेटेड (निर्वाध २४ घण्टा आपुर्ति) र ट्रंक लाइन(६ घण्टा लोडसेडिङ हुदा २० घण्टा आपुति) सम्बन्धि मापदण्ड पुगे नपुगेको यकिन नगरि थप महशुल लिन नसकिने तसर्थ एकमुष्ठ रुपमा विल जारी गर्ने नभई **दिन र अवधि एकिन** गरि पुन हिसाव गरि छुट महशुल लिनुपर्दछ ।

## प्राधिकरणले पछिल्लो समय २०८१।३।१० मा उद्योगीहरुलाई गरेको पत्राचार र उपलब्ध गराएको विल सम्बन्धमा

ने.वि.प्राले लाल आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने नेपाल सरकार मन्त्रिपरिषदको निर्णय कार्यान्वयन गरि ने.वि.प्राले डेडिकेटेड र ट्रंक लाइनको महशुल उठाउने आशयका साथ मिति २०८१।०३।१० गते उद्योगहरुलाई पत्राचार गरेको छ। प्रतिवेदन कार्यान्वयनका लागि भएको निर्णय अनुशार महशुल भुक्तानीको लागि पत्राचार गर्दा हालको विनियममा भएको व्यवस्था बमोजिम ३५ दिनको सुचना दिनुपर्नेमा १५ दिनको मात्र समयसिमा उपलब्ध गराएको र उपलब्ध गराएको विल समेत हाल सम्मका सवै अध्ययन तथा पछिल्लो लाल आयोगको अध्ययनले भने मुताविक प्रत्येक दिनको उर्जा उपलब्धता/खपतलाई विश्लेषण नगरि पठाइएको र हठात लाइन काट्ने कार्यमा ने.वि.प्रा उद्धत भएको ।

लाल आयोगको प्रतिवेदनमा **समय अवधि २०७२ माघ देखि २०७५ बैशाख सम्म** डेडिकेटेड (निर्वाध २४ घण्टा आपुर्ति) र ट्रंक लाइन(६ घण्टा लोडसेडिङ हुदा २० घण्टा आपुति) भएको अवस्था छ भने छुट महशुल लिने तर त्यसरी छुट महशुल लिदा प्राधिकरण आफैले उक्त अवधीमा जारि गरेको लोडसेडिङ सम्बन्धि सुचनालाई समेत आधार मानि लोडसेडिङ भए नभएको तथा डेडिकेटेड र ट्रंक सम्बन्धि मापदण्ड पुरा भए नभएको यकिन गरि प्राधिकरणबाट उद्योगमा आपुर्ति हुने विद्युतको समयावधि सम्बन्धि विभिन्न सार्वजनिक सुचना जारि भएकोले डेडिकेटेड (निर्वाध २४ घण्टा आपुर्ति) र ट्रंक लाइन(६ घण्टा लोडसेडिङ हुदा २० घण्टा आपुति) सम्बन्धि मापदण्ड पुगे नपुगेको यकिन नगरि थप महशुल लिन नसकिने तसर्थ एकमुष्ठ रुपमा विल जारी गर्ने नभई **दिन र अवधि एकिन** गरि पुन हिसाव गरि छुट महशुल लिनुपर्दछ भन्ने प्रष्ट उल्लेख भएको तथ्थलाई आत्मसाथ नगरि नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट उर्जा मन्त्रालयलाई मिति २०८१।०१।२७ मा पत्राचार गरिएको ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट उर्जा मन्त्रालयलाई मिति २०८१।०१।२७ मा गरिएको पत्राचार समेत विवादमा आएको छ ।

## प्राधिकरणको काम कारबाही उपर आशंका गर्नुपर्ने आधार र कारणहरु

महशुल निर्धारण भइ सकेको अवधिमा मासिक रुपमा विल विजक जारि नगरेको ।

कुनै एक निश्चित स्थानका उद्योगहरुमा मात्र यो समस्या नभइ नेपालगंज देखि विराटनगर सम्मका उद्योगहरुमा नियमित रुपमा विलिङ्ग नभएको देखिन्छ । एउटा वितरण केन्द्रको मात्र विषय नभइ धेरै वितरण केन्द्रका तत्कालिन कार्यालय प्रमुखहरुले प्रत्येक महिनाको विद्युत आपुर्तिको अवस्था हेरी मापदण्ड पुगेको हकमा विल विजक जारि गनुपर्नेमा विवादमा आएका उद्योगहरुको हकमा लामो समय सम्म पनि सो नगरिएको र त्यस्तो लापरवाहीका लागि हाल सम्म पनि कुनै कर्मचारि कारबाहीको दायरामा नआएको हुदा उच्च ब्यवस्थापनको संलग्नता, निर्देशन नभइ राजस्व सम्बन्धमा यो हदको लापरवाही हनु नसक्ने देखिन्छ ।

तत्कालिन समयमा टि.ओ.डि मिटरको डाटा डाउनलोड नगरेको ,गरेको भए पनि प्रमाणका रुपमा सुरक्षित नराखेको हुदा ,वा हाल सम्म पनि सार्वजनि नगरेको हुदा राजस्व संग सम्बन्धित यो विषय अत्यन्त विवादमा आएको र प्रमाण उपलब्ध गराइ राजस्व संलकन गर्नु पर्ने सामान्य जिम्मेवारीको विषय प्राधिकरणको कुनै पनि निकायले नगरेको र सो सम्बन्धमा ब्यवस्थापनले समयमानै गम्भीर रुपमा कारबाही प्रक्रिया अगाढी नवढाएकोले प्राधिकरणको उच्च ब्यवस्थापनले राजस्व संकलनमा गम्भिर लापरवाही गरेको देखिन्छ ।

प्राधिरणले पछिल्लो समय विल भनि ग्राहकलाई उपलब्ध गराएको विललाई प्रमाणित गर्ने अधिकारीको नाम पद उल्लेख नै नभएको । त्यसरी उपलब्ध गराएको विलमा दैनिक खपतको अवस्था नदेखिएको, उक्त

विलबाट दैनिक रुपमा उद्योगमा आपुर्ति भएको विद्युतको मात्रा यकिन गर्न नसकिने सो तथ्यबारे प्राधिकरणको नेतृत्व जानकार हुदा हुदै पनि जवरजस्ती रुपमा गलत तथ्यलाई सहिको रुपमा भ्रामक प्रचार गर्न प्राधिकरण लागि परेको देखिन्छ ।

छुट विल जारि गरि नियमानुशार महशुल संकलन गर्ने अधिकार कार्यकारि नेतृत्वलाई हुदा हुदै यस सम्बन्धमा कमिटी बनाइ अध्ययन गर्ने विषय संचालक समितिमा प्रवेश गराइ राजस्व संकलनको विषयलाई विषययान्तर गर्न खोजेको ।

## अनुसन्धान गर्नुपर्ने विषयहरु

- समयमा नै विल विजक किन जारि भएन
- दैनिक खपतको विवरण देखाउने टिओडि मिटरको डाटा डाउनलोड गर्ने कार्य विनियममा भएको ब्यवस्था मुताविक किन गरिएन
- राजस्व असुलिसंग सम्बन्धित यति ठुलो विषयमा त्रुटि गर्ने कर्मचारि वा ब्यवस्थापन प्रति किन हाल सम्म के के कारबाही भयो व भएन
- प्राधिरणले पछिल्लो समय विल भनि ग्राहकलाई उपलब्ध गराएको विललाई प्रमाणित गर्ने अधिकारीको नाम पद किन उल्लेख नभएको । त्यसरी उपलब्ध गराएको विलमा दैनिक खपतको अवस्था नदेखिएको, उक्त विलबाट दैनिक रुपमा उद्योगमा आपुर्ति भएको विद्युतको मात्रा यकिन गर्न नसकिने तथ्यबारे प्राधिकरणको नेतृत्व जानकार हुदा हुदै पनि जवरजस्ती रुपमा गलत तथ्यलाई सहिको रुपमा भ्रामक प्रचार गर्न र विषयलाई विषायन्तर गर्न किन लागि परेको ।
- छुट विल जारि गरि नियमानुशार महशुल संकलन गर्ने अधिकार कार्यकारि नेतृत्वलाई हुदा हुदै यस सम्बन्धमा कमिटी बनाइ अध्ययन गर्ने विषय संचालक समितिमा प्रवेश गराइ राजस्व संकलनको विषयलाई विषययान्तर गर्न किन खोजेको यति गम्भिर विषयमा वनेको कमिटीले पेश गरेको प्रतिवेदन ९ महिना सम्म संचालक समितिमा छलफलको लागि कि पेश नगरिएको
- छुट विल बापतको रकम जसमा ग्राहकको सहमति छैन र ग्राहकले माग गरे अनुशारको प्रमाण प्राधिकरणले उपलब्ध गराएको छैन, रकम उठेको पनि छैन उक्त रकमलाई समेत आम्दानी मानि राजस्व तिरी प्राधिकरणलाई हूदै नभएको नाफा देखाउन प्राधिकरणको कार्यकारी नेतृत्वले किन हतार गरेको ।

## निष्कर्ष

विभिन्न समयमा भएका अध्ययन ,संसदको सार्वजनि लेखा समितिले यस अघि उपसमिति गठन गरि गरेको अध्ययनका आधारमा पेश गरेको निष्कर्ष, लाल आयोगको प्रतिवेदनले औंलाएको विषय तथा

समितिमा हाल भएको छलफलका आधारमा सार्वजनिक लेखा समितिले निम्नानुशार निष्कर्ष निकालि कार्यान्वयनको लागि निर्देशन दिन वाञ्छनिय देखिन्छ ।

- डेडिकेटेड र ट्रंक लाइन मार्फ विद्युत आपुर्ति गर्ने व्यवस्था निरन्तर विद्युत आपुर्तिको सैद्धान्तिक जगमा मात्र प्रचलनमा आएको हो । देश चरम लोडसेडिङमा रहेको अवस्थामा औद्योगिक तथा ब्यापारिक क्षेत्रमा भएको विद्युत कटौतिले देशको अर्थ ब्यवस्थामा नकारात्मक असर पारेको तथ्यलाई मध्यनजर गरि डेडिकेटेड ( निर्वाध २४ घण्टा आपुर्ति)  र ट्रंक लाइन (दैनिक ६ घण्टा लोडसेडिङ हुदा २० घण्टा आपुति) बाट औद्योगिक ब्यापारिक र गैर ब्यापारिक ग्राहकहरुलाई  निर्वाध रुपमा विद्युत आपुर्ति गर्ने ब्यवस्था मिलाउन यो ब्यवस्था गरिएको र सो सम्बन्धमा ने.वि.प्राको महशुल संकलन विनियमावली २०७३ को ५(५) मा आपुर्ति हुने विद्युतको समयावधि २० घण्टा वा सो भन्दा बढी भनि तोकिएको हुदा सोही विनियमावलीको आधारमा विद्युत आपुर्तिको मापदण्ड पुगेका औद्योगिक ग्राहकहरुबाट नियमानुशार थप महशुल अविलम्ब उठाउनका लागि नेपाल विद्युत प्राधिकरणलाई निर्देशन दिने ।

- सार्वजनिक लेखा समितिले यस अघि गरेको अध्ययनबाट निकालेको निष्कर्षमा नियमित रुपमा हुनुपर्ने विलिंग नभएको महशुल संकलन विनियमावली २०७३ मा भएको ब्यवस्था बमोजिम डाटा **डाउनलोड गरी सुरक्षित नराखेको** छुट विल जारी गर्दा प्रक्रिया नपुर्याएको डाउनलोड गरी हाडकपी सुरक्षित नराखेको र ग्राहकको परिसरमा जडान गरिएको टि ओ.डी मिटरको डाटा लामो समय सुरक्षित राख्न नसकिने अवस्थामा हाल डाउनलोड गर्ने अवस्था ब्यवस्थित नरहेको बक्यौता उठाउन विनियमावली बमोजिमका प्रावधान अवलम्बन नगरिएको र **कार्यकारी नेतृत्व एवं पदाधिकारीहरुले जिम्मेवारी पुर्वक कर्तब्य निर्वाह नगरी राज्य कोषमा जम्मा हुनुपर्ने अर्वौ रकम हालसम्म पनि प्राप्त नभएको र जोखिममा पारिएको** देखिएको र राजस्व उठाउनका लागि उद्योगीहरुले माग गरे बमोजिमाको टि.ओ.डी मिटरको डाटा उपलब्ध नगराएकाले राजस्व संकलन संग सम्बन्धित यस विषयमा भएको गम्भिर लापरबाहीको थप छानविन गर्न राजस्व अनुसन्धान विभागलाई निर्देशन दिन उपयुक्त देखिन्छ ।

- यस विषयमा हाल सार्वजनि लेखा समितिमा भएको छलफल , विगतमा भएका अध्ययन प्रतिवेदनको आधार तथा विगतमा सार्वजनिक लेखा समितिले गरेको अध्ययनका आधारमा महशुल विश्लेषण गर्ने विल विजक जारी गर्ने महशुल उठाउने जस्ता कार्यहरु समयमै नहुदन महशुल बुझाउनुपर्ने ग्राहकलाई बहाना बनाउने र समयमै महशुल नतिर्ने स्थिति पैदा गरेकोमा मिलेमतो छैन भन्ने आधार देखिएन यसका लागि जिम्मेवार पदाधिकारी उपर छानविन गरी आवश्यक कारबाही गर्न नेपाल प्रहरी केन्द्रिय अनुसन्धान ब्युरो लाई जिम्मेवारी दिन उपयुक्त देखिन्छ ।

- प्रधिकारणका जिम्मेवार पदाधिकारीले आफ्नो पद र ओहदा अनुशारको कार्य समयमा नगरि लापरबाही गरेको समय वित्दै जादा विषय वस्तुलाई अन्यत्र मोड्ने गरि प्रचार गरेको, आन्तरिक छानविन गरि दोषि उपर कारबाहीको प्रक्रिया नगरेको , आफ्ना ग्राहकहरुले माग गरे बमोजिमको थप महशुल सम्बन्धि कागजात उपलब्ध नगराएको, विभिन्न अध्ययन प्रतिवेदनले स्पष्ट पारे बमोजिम दिन अवधि यकिन गरि महशुल उठाउन नलागेको र मापदण्ड अनुशारको विद्यूत उपयोग गरेको प्रमाणि हुने दैनिक खपत भएको डाटा सहितको हिसाव नगरेको र तथ्य तथ्याङ्को जगमा कानुन अनुशारको काम कारबाही नगरीसार्वजनिक रुपमा निर्माण भएको छविको वलमा काम कारबाही गर्न खोजेको देखिएको यस सम्बन्धमा विस्तृत अध्ययन गर्न अक्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देशन दिन उपयुक्त हुने ।